# कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**रागेचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०९/२२ गते)**

नेपाल सरकार फिनल्याण्ड सरकार तथा यस कुमाख गाउँपालिका संयुक्त सहकार्यमा यस कुमाख गाउँपालिकामा सञ्चालन हुने सबैका लागि दिगो खानेपानी, सरसफाई तथा स्वच्छता (SUSWA) परियोजनाका लागि देहाय बमोजिमका पदमा सेवा करार पदपुर्ती गर्नका लागि तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट आफ्नो वैयक्तिक विवरण र निवेदन सहित सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा यस कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ।

| क्र. स. | विज्ञापन नम्बर | पद | तह/श्रेणी | संख्या |
|---|---|---|---|---|
| १ | SUSWA-१-२०८१-०८२ | प्राविधिक सहजकर्ता (Techinical Facilitator) | सहायक पाँचौ | १ (एक जना ) |
| २ | SUSWA-२-२०८१-०८२ | ग्रामिण खानेपानी सेवा सहायता केन्द्र ( SSC ) सहजकर्ता | सहायक पाँचौ | १ (एक जना ) |

**१. आवश्यक न्यूनतम् योग्यता तथा अनुभव**

**१.१ प्राविधिक सहजकर्ता (Techinical Facilitator) (SUSWA-१-२०८१-०८२, आवश्यक संख्या:- १ (एक))**

- कम्तीमा सिभिल ईन्जिनियरिङ विषयमा प्रविणता प्रमाण-पत्र डिप्लोमा तह उत्तिर्ण गरी ३ वर्ष खानेपानी सरसफाई तथा स्वच्छताका क्षेत्रमा सर्भे डिजाइन ईष्टिमेट, अनुगमन मुल्याङ्कन सम्बन्धित कार्य गरेको हुनु पर्ने।
- आधारभुत कम्प्युटर (MS word, Excel, powerpoint) को राम्रो ज्ञान र प्रतिवेदन क्षमता भएको।
- AutoCAD लगायतका सफ्टवेयरको ज्ञान भएको।
- सामाजिक परिचालन र तालिम सहजिकरणको राम्रो सीप भएको हुनु पर्ने।
- दातृ निकायका कार्यक्रम र स्थानीय निकायहरु अन्तरगत कार्य गरेकोलाई विशेष ग्राह्यता दिईने।
- सम्बन्धित स्थानीय नागरिकलाई विशेष प्राथमिकता दिईने छ।

**१.२ ग्रामिण खानेपानी सेवा सहायता केन्द्र सहजकर्ता (SSC) (SUSWA-२-२०८१-०८२, आवश्यक संख्या:- १ (एक)**

- सिभिल इन्जिनियरिङमा, प्रि डिप्लोमा\टि एस एल सी को हकमा ग्रामिण खानेपानी तथा सरसफाई क्षेत्रको न्युनतम ५ बर्षको कार्य अनुभव र डिप्लोमा तहको हकमा न्युनतम ३ वर्षको ग्रामीण खानेपानी तथा सरसफाईको क्षेत्रको कार्य अनुभब भएको।
- खानेपानी आपूर्ति पूर्वाधारको मर्मत सम्भार र/वा नेपालको ग्रामीण क्षेत्रहरुमा खानेपानी आपूर्ति र सरसफाई गतिबिधिहरुको अनुगमन र कार्यान्वयनमा अनुभव।
- तथ्याङ्क व्यवस्थापन र तथ्यांक विश्लेषणमा अनुभव।
- वाससँग सम्बन्धित नयाँ आद्यावधिक नीति र कार्यविधिहरुको ज्ञान र जानकारी कायम राख्ने।
- उर्जावान र सबै प्रकारका खानेपानी योजना र सरसफाइ गतिविधिहरुको सर्वेक्षण सम्बन्धी सीप भएको।
- मर्मत गर्नुपर्ने ग्रामीण खानेपानी प्रणालीको Functionality सर्वेक्षण, लागत अनुमान र कार्य सम्पन्न मुल्याङ्कन नापी किताब तयार गर्न सक्षम।
- स्थानीय संयन्त्रको राम्रो बुझाइ र अनुभव र खानेपानी र सरसफाइ सामुदायिक पूर्वाधारहरुको अनुभव।
- लैगिंक समानता र सामाजिक समावेशीकरण प्रति प्रतिवद्धता।
- परिणाम उन्मुख व्यक्तित्व/मासिक कार्य योजना बमोजिम कार्य गर्न प्रतिवद्ध।
- राम्रो पारस्परिक र अन्तर साँस्कृतिक दक्षता।
- Microsoft Excel, Word, Power Point मा कम्प्यूटर सीपहरुमा दक्ष।
- आधारभूत तथ्याङ्क विश्लेषण र रिपोर्ट लेखनमा सक्षम।
- N-Wash सम्बन्धी ज्ञान तथा फिल्ड स्तरमा Apps Handling गर्न सक्ने सीप भएको।

**२. दरखास्त दिने स्थानः** कुमाख गाउँपालिका कार्यालय, रागेचौर सल्यान।

**३. दरखास्त दिने अन्तिम मितिः २०८१।१०।०७**

**४. आवेदन दस्तुरः** रु ५०० (अक्षरेपी पाँच सयमात्र) गाउँपालिकाको कुमाख गा पा को आन्तरिक राजश्व खाता नं ०५९०७७९७६३००११ मा जम्मा गरेको भौचर संलग्न राख्नुपर्ने छ।

**५. छनौटको किसिमः** प्रारम्भिक योग्यता क्रमको सुची प्रकाशन, लिखित तथा मौखिक परीक्षा र कम्प्युटर परीक्षण गरिने छ।

**६. आवेदनका साथ संलग्न राख्नु पर्ने कागजातहरुः** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपी अनिवार्य पेस गर्नुपर्नेछ

1. नागरिकता
2. शैक्षिक योग्यताका प्रमाणपत्रहरु
3. कामसँग सम्बन्धित अनुभवका कागजातहरु
4. वैयक्तिक विवरण (बायोडाटा) का कागजातहरु
5. कामसँग सम्बन्धित तालिमका प्रमाणपत्रहरु

**७. सेवा सुविधा :** तोकिए बमोजिम।

**८. कार्य विवरण (TOR) :** तोकिए बमोजिम।

**९. लिखित परिक्षाको पाठ्यक्रम :** तोकिए बमोजिम।

**१०. अन्यः** दरखास्त फाराम तथा अन्य थप जानकारीको लागि गाउँपालिकाको Website: http://kumakhmun.gov.np मा हेर्न वा ९८६६९२१३५९ र ९८५७८४८०१ मा सम्पर्क राख्न सकिनेछ। साथै म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कार्वाही गरिने छैन।